# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## डुङ्गेश्वर गाउँपालिका
## दैलेख





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## डुङ्गेश्वर गाउँपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## डुङ्गेश्वर गाउँपालिका

## दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ९१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
डुङ्गेश्वर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.६ करोड ६८ लाख ९३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भई रु. २९ लाख ५९ हजार फर्स्यौट भई प्रतिक्रियाबाट थप रु. ७९ लाख समेत बाँकी रकम असुल गर्नुपर्ने रू.१४ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ९ लाख ३० हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३६ लाख ६९ हजार र पेश्की रु.८ लाख ५६ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.११ करोड ८८ लाख १७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ५७ लाख १० हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# डुङ्गेश्वर गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५९ | ७५ | ६९७७३ | ० | १४ | २९५९ | ५९ | ६१ | ६६८९३ | १४३८ | ३३६६९ | ३०९३० | ० | ० | ६४५९९ | ८५६ |

### 1.2 प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३७ | अग्रिम करकट्टी वापतको रकम असूल भएको | ४० |
| २ | ४८ | धरौटी वापतको रकम कट्टा गरेको प्रमाण पेश | ४८८ |
| ३ | ५० | रितपूर्वकको कर विजक पेश गरेको | २६ |
| ४ | ५२ | पाइप खरिदको प्रमाण पेश | ४४७ |
| ५ | ५३ | कार्यसम्पन्न प्रमाण पेश | १५७० |
| ६ | ७६.५ | सामाजिक सुरक्षा भत्ता दाखिला प्रमाण पेश | ३१८ |
| ७ | ७९.६ | जिन्सी दाखिला प्रमाण पेश | ७१ |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डुङ्गेश्वर गाउँपालिका दैलेख | ११८८१७ | ० | ० | ११८८१७ | ० | ६६८९३ | १८५७१० |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : डुङ्गेश्वर गाउँपालिका, दैलेख , दुन्गेश्वोर गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम वहादुर डि सी | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टंक बहादुर कार्कि | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६६,८९३,४५२.८४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २०,७१,९०८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,१३,७९,९०५ | **चालु खर्च** | २५,३६,४१,१३० |
| **प्रदेश सरकारबाट अनुदान** | २,५४,२६,००० | **पूँजीगत खर्च** | ८,५८,२४,३७४ |
| **राजश्व बाँडफाँट** | ५,७५,८३,५४६ | **वित्तीय/अन्य व्यवस्था** | १३,६३,२६,४६२ |
| **आन्तरिक आय** | ३२,३०,२३६ | | |
| **अन्य आय** | ११,१५,९६,७९७ | | |
| **कुल आय** | ४७,९२,१६,४८४ | **कुल खर्च** | ४७,५७,९१,९६६ |
| **बाँकी मौज्दात** | | ५४,९६,४२६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय -**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, १०५.१९ वर्ग किलोमिटर क्षेत्रफल तथा १५८८३ जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षण -**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **स्थानीय संचित कोष:** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि.नं. | अयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २०७१९०८ | १ | चालु | २५३६४११३० | २५३६४११३० |
| | क) नगद | | | २ | पूँजिगत | ८५८२४३७४ | ८५८२४३७४ |
| | ख) वैंक | २०७१९०८ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( अन्तरिक अय) | | ६०८१३७८१ | | क) रिण भुक्तानी | | |
| | क) अन्तरिक राजस्व | ३२३०२३६ | | | ख) व्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड (संघ) | ५७५८३५४६ | | | ग) अन्य भुक्तानी | | |
| | ग) राजस्व वाँडफाँड (प्रदेश) | ० | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २८१३७९९०५ | | क) रिण लगानी | | |
| | क) वित्तिय समानिकरण अनुदान | ८१४००००० | | | ख) शेयर लगानी | | |
| | ख) सर्शत अनुदान | १८९१३८००० | | | ग) अन्य लगानी | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | १२७१९०५ | | ५ | धरैटी फिर्ता | ३०५००० | ३०५००० |
| | घ) विशेष अदुदान | ९५७०००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकार वाट प्राप्त अनुदान | | २५४२६००० | ७ | कोष फिर्ता | | |
| | क) वित्ति समानिकरण अनुदान | ८३०९००० | | ८ | मैज्दात | | |
| | ख) सर्शत अनुदान | ७७१७००० | | | क) वैंक मौज्दात | १९१६३०४ | १९१६३०४ |
| | ग) समपूरक अनुदान | ६४००००० | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ३०००००० | | ९ | शर्सत अनुदान फिर्ता(संघ) | १९३००८८३ | १९३००८८३ |
| ५ | अन्य | ० | ० | १० | शर्सत अनुदान फिर्ता(प्रदेश) | ४६२७९०६ | ४६२७९०६ |
| ६ | सामाजिक सुरक्षा | ६७२३४९५१ | ६७२३४९५१ | ११ | जनश्रमदान मौज्दात | | |
| ७ | मुख्यमन्त्रि रोजगार कार्यक्रम | ११६३२५४२ | ११६३२५४२ | १२ | धरौटी मौज्दात | १८२८१३० | १८२८१३० |
| ८ | मुख्यमन्त्रि रोजगार उधमशिलता तथा आयआर्जन कार्यक्रम | १०५००० | १०५००० | १३ | मुख्यमन्त्रि रोजगार उधमशिलता तथा आयआर्जन कार्यक्रम | १०५००० | १०५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | सामाजिक विकास मन्त्रालय बाट हस्तान्त्रित ११३ | ४९८६९३ | ४९८६९३ | १४ | विविध खाताको मौज्दात | ११४६७०७ | ११४६७०७ |
| १० | सामाजिक विकास मन्त्रालय बाट हस्तान्त्रित ११४ | १६५९५०५ | १६५९५०५ | १५ | सामाजिक विकास मन्त्रालय बाट हस्तान्त्रित ११४ | १६५९५०५ | १६५९५०५ |
| ११ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४६४००० | १६ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४६४००० |
| १२ | स्थानिय तह प्रशासनिक भवन पूर्वाधार विकास साझेदारी | १३००४६९६ | १३००४६९६ | १७ | स्थानिय तह प्रशासनिक भवन पूर्वाधार विकास साझेदारी | १३००४६९६ | १३००४६९६ |
| १३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ५०००० | ५०००० | १८ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ५०००० | ५०००० |
| १४ | धरौटी | २१३३१३० | २१३३१३० | १९ | सामाजिक सुरक्षा खर्च | ६७२३४९५१ | ६७२३४९५१ |
| १५ | विविध खर्च खाता | १३५७१८५७ | १३५७१८५७ | २० | मुख्यमन्त्रि रोजगार कार्यक्रम खर्च | ११६३२५४२ | ११६३२५४२ |
| १६ | प्रकोप व्यवस्थापन कोष | १२४२४२४ | १२४२४२४ | २१ | सामाजिक विकास मन्त्रालय बाट हस्तान्त्रित खर्च | ४९८६९३ | ४९८६९३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>२२</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम खर्च</td><td>४३८०९९७</td><td>४३८०९९७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२३</td><td>प्रकोप व्यवस्थापन मौज्दात</td><td>६०५२८५</td><td>६०५२८५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२४</td><td>प्रकोप व्यवस्थापन खर्च</td><td>६३७१३९</td><td>६३७१३९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२५</td><td>विविध खर्च खातामा खर्च</td><td>१२४२५१५०</td><td>१२४२५१५०</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>४८१२८८३९२</td><td>४८१२८८३९२</td><td></td><td></td><td>४८१२८८३९२</td><td>४८१२८८३९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
वित्तीय प्रतिवेदनः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="3">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४०,०८,३७,३५७.००</td><td>४०,५१,९१,४७४.४३</td><td>४०,५१,९१,४७४.४३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ३८,८२,६९,२४३.०० | ३९,१५,४८,४७५.४३ | ३९,१५,४८,४७५.४३ |
| ११००० कर | ११ | ६,३५,६५,२४३.०० | ६,०४,४०,६३३.४५ | ६,०४,४०,६३३.४५ |
| १३००० अनुदान | | ३२,४२,०४,०००.०० | ३३,०७,३४,६९४.३१ | ३३,०७,३४,६९४.३१ |
| संघीय सरकार | १२ | २९,४०,७८,०००.०० | ३०,०६,८०,७८८.३१ | ३०,०६,८०,७८८.३१ |
| प्रदेश सरकार | १२ | ३,०१,२६,०००.०० | ३,००,५३,९०६.०० | ३,००,५३,९०६.०० |
| १४००० अन्य राजस्व | | ५,००,०००.०० | ३,७३,१४७.६७ | ३,७३,१४७.६७ |
| ख. अन्य प्राप्ति | | १,२५,६८,११४.०० | १,३६,४२,९९९.०० | १,३६,४२,९९९.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | १,२५,६८,११४.०० | १,३६,४२,९९९.०० | १,३६,४२,९९९.०० |
| धरौटी | | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४१,५८,४५,८५७.०० | ३५,२१,०३,१३३.७२ | ३५,२१,०३,१३३.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४०,३२,७७,७४३.०० | ३३,९४,६५,५०३.७२ | ३३,९४,६५,५०३.७२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १८,७५,३२,०००.०० | १७,५४,८१,७०३.६९ | १७,५४,८१,७०३.६९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८,८२,०७,२४३.०० | ७,१७,६९,२४४.०७ | ७,१७,६९,२४४.०७ |
| २५००० सहायता (Subsidy) | १८ | २१,००,०००.०० | १८,००,०००.०० | १८,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५०,८६,०००.०० | ३७,८८,२१०.०० | ३७,८८,२१०.०० |
| २८००० अन्य खर्च | १८ | ९,४०,०००.०० | ८,०१,९७२.०० | ८,०१,९७२.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती /पूँजीगत खर्च | १८ | ११,९४,१२,५००.०० | ८,५८,२४,३७३.९६ | ८,५८,२४,३७३.९६ |
| घ. अन्य भूक्तानी | | १,२५,६८,११४.०० | १,२६,३७,६३०.०० | १,२६,३७,६३०.०० |
| कोषहरु | | १,२५,६८,११४.०० | १,२३,७४,०९१.०० | १,२३,७४,०९१.०० |
| धरौटी | | ० | ३,०५,०००.०० | ३,०५,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | **-४१४६१** | -४१४६१ |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,५०,०८,५००.००) | ५,३०,८८,३४०.७१ | ५,३०,८८,३४०.७१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,६०,५३,३२४.२१ | २,६०,५३,३२४.२१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,५०,०८,५००.००) | ७,९१,४१,६६४.९२ | ७,९१,४१,६६४.९२ |
| बैंक तथा नगद बाकी | २४ | | ५,४८,०३,४२०.६१ | ५,४८,०३,४२०.६१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>
वित्तीय विवरणको यथार्थता- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले देहायको रकम सुत्रमा समावेश गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।
कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त निकासा
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>वार्षिक बजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>३६५०११११४</td><td>१५००००००</td><td>१३००४६९६</td><td>१३००४६९६</td></tr>
<tr><td>३१४०१०१२३</td><td>६७५६११०४</td><td>६७२३४९५१</td><td>६७२३४९५१</td></tr>
<tr><td>३३६००१०२३</td><td>४६४०००</td><td>४६४०००</td><td>४६४०००</td></tr>
<tr><td>जम्मा</td><td>८३०२५१०४</td><td>८०७०३६४७</td><td>८०७०३६४७</td></tr>
</table>
प्रदेश लेखा इकाइ कार्यालयबाट प्राप्त निकासाः
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>वार्षिक बजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>३५००००११३</td><td>५०००००</td><td>४९८६९३</td><td>४९८६९३</td></tr>
<tr><td>३५००००११४</td><td>२५०००००</td><td>१६५९५०५</td><td>१६५९५०५</td></tr>
<tr><td>३०१००१०२३</td><td>१०५०००</td><td>१०५०००</td><td>१०५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३०१००१०२४</td><td>१४३३९०००</td><td>११६३२५४१.५६</td><td>११६३२५४१.५६</td></tr>
<tr><td>३१४०००११३</td><td>५००००</td><td>५००००</td><td>५००००</td></tr>
<tr><td>३१२०००११३</td><td>१०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>१७५९४०००</td><td>१३९४५७४०</td><td>१३९४५७४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२,५५,८४,१४२।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा शुत्र अनुसार रु.२,६०,५३,३२४।२१ जिम्मेवारी सारेकोले रु.४,६९,१८२।०० बढी जिम्मेवारी सारेको देखिन्छ भने एकिकृत विवरण अनुसार रु.२०,७१,९०८।०० जिम्मेवारी सारेको देखियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,३५,०२,२३४।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>फरक हिसाबः पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,४९,८१,४१६।००, यस वर्षको प्राप्ति रु.७,४०,२५,०१०।००, यस वर्षको भुक्तानी रु.१२,३६,८८,८३३।०० र बैङ्क मौज्दात रु.४,९३,०८,८९४।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।
<table>
<tr><td>विवरण</td><td>गतवर्षको जिम्मेवारी</td><td>यसवर्षको प्राप्ति</td><td>यसवर्षको भुक्तानी</td><td>बैङ्क मौज्दात</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २,६०,५३,३२४.२१ | ४०,५१,९१,४७४.४३ | ३५,२१,०३,१३३.७२ | ५,४८,०३,४२०.६१ |
| एकीकृत आर्थिक विवरणअनुसार | २०७१९०८ | ४७९२१६४८४ | ४७५७९१९६६ | ५४९६४२६ |
| फरक | २४९८१४१६ | ७४०२५०१० | १२३६८८८३३ | ४९३०६८९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | वैङ्क मौज्दात सम्बन्धमा शुत्रमा अनुसार सशर्त अनुदान फिर्ता गर्नुपर्ने रु.२,३९,२८,७८९।३१ असार मसान्त पश्चात मिति २०७९।४।६ मा फिर्ता भएकोले शुत्रमा मौज्दात देखिएतापनि एकिकृत आय व्ययमा उक्त रकम खर्च जनाएकोले सो बाहेक फरक परेको रु.२,५३,७८,१०४।६९ सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ। | |
| ४.५ | | | **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः | |

| खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक रकम |
|---|---|---|---|
| ग २.१ चालू खर्च खाता- विजोर वर्ष | ९२६६५५४.१७ | ० | ९२६६५५४.१७ |
| ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | ४३१४४८७ | ० | ४३१४४८७ |
| ग २.७ विविध खर्च खाता | १४०३९७३ | ११४६७०७ | २५७२६६ |
| ग ३.१ स्धानीय तह धरौटी खाता | ० | १८२८१३०.२२ | १८२८१३०.२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>३९७८३१९५.४४</td><td>२६०७६१७१.४७</td><td>१३७०७०२३.९७</td></tr>
<tr><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>३५२११</td><td>६०५२८५</td><td>५७००७४.</td></tr>
<tr><td></td><td>५४८०३४२०.६१</td><td>२९६५६२९३.६९</td><td>२५१४७१२६.९२</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.६</td><td></td><td></td><td>शुत्रको अनुसुचि २४ अनुसार खाता अनुसार बाँकी रु.५,४८,०३,४२०।६१ रहेकोमा बैङ्कअनुसार बाँकी रु.२,९६,५६,२९३.६९ देखिएको छ । चालु, पुँजीगत, विविध र स्थानीय तह सञ्चित कोष खातामा खाताअनुसार भन्दा बैँङ्कअनुसार रु.२,७५,४५,३३१.१४ घटि देखिएकोले एकिन गर्नुपर्ने रु.</td><td>२७,५४५,३३१.१४</td></tr>
<tr><td>४.७</td><td></td><td></td><td>कर दायित्वः पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४१,४६१।०० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.</td><td>४१,४६१</td></tr>
<tr><td>५</td><td></td><td></td><td>ससर्त अनुदान फिर्ताः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.२,३९,२८,७८९।३१ देखाएकोमा पालिकाले मिति २०७९।४।६ फिर्ता गरेको देखिएको छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>
अबण्डा बजेटः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले अध्यक्ष विकास कोषमा रु.३२ लाख अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यले वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनु पर्दछ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१९३७००००</td><td>१५५२१९१८</td><td>४.६३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>९२३४८०००</td><td>६८७४१८१४</td><td>२०.५</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२१८३५१५००</td><td>१८७५६७१४३</td><td>५५.९५</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>५३७८०००</td><td>४६८२५९</td><td>०.१४</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६७८३०२४३</td><td>६२९५२१७०</td><td>१८.७८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| ४०३२७७७४३ \| ३३५२५१३०४ \| १००<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.९५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.१४ प्रतिशत रहेको छ। | |
| ८ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३२,३०,२३५।५७ राजस्व बाँडफाँड र अनुदानबाट रु.३३,०७,३४,६९४।३१ समेत रु.३३,३९,६४,९२९।८८ आम्दानी भएकोमा चालु तर्फ रु.२५,३६,४१,१२९।७६ र पूँजिगत तर्फ रु.८,५८,२४,३७३।९६ समेत रु. ३३,९४,६५,५०३।७२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९६ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.७४,८८,५००।- खर्च भएको छ जुन आन्तरिक आयको २.३२ गुणा बढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.७२ प्रतिशत चालु र २५.२८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>:<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छ ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ३ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><ul>
<li>संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।</li>
<li>सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।</li>
<li>वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको</li>
<li>सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।</li>
<li>कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने देखिन्छ ।</li>
<li>निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।</li>
</ul>
तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>त्रैमासिक खर्चः<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ को ढाचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td>क्र.स.</td><td>बजेट उपशिर्षक</td><td>कुल खर्च</td><td>आषाढ महिना</td></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>२५३६४१११२९.७६</td><td>७७८४७२३४.६१</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>८५८२४३७३.९६</td><td>४१२६८८८९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>३३९४६५५०३.७२</td><td>११९११६१२३.६१</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>३५.०९</td></tr>
</table>
<br>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३३ करोड ९४ लाख ६५ हजार निकासा भएकोमा आषाढ महिनामा मात्र रु. ११ करोड ९१ लाख १६ हजार अर्थात ३५.०९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
बजेट तथा कार्यक्रम तर्जुमा:<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
बजेट पेश, पारित र अख्तियारीः<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७८।०३।१० मा रु. ३७ करोड २४ लाखको बजेट सभा समक्ष
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पेश गरेकोमा सभाबाट मिति २०७८।३।२७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>लक्ष्य प्रगति:<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५ अनुसार कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>११९</td><td>०</td><td>०</td><td>०</td><td>११९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ४ वटा ऐन, १७ कार्यविधि लगायत २१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले केही कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ४ वटा ऐन, १७ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छः
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>जन्मदर्ता</td><td>५८८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>११६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३९</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२०५</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>६</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । सेवा प्रवाहमा थप क्षेत्र विस्तार गरी प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>न्यायीक समितिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ वटा र यो बर्ष थप भएको १२ गरी कुल १८ विवाद दर्ता भएकोमा १८ वटा फछ्र्यौट भएको देखिन्छ। | |
| १७ | | | **बजेट सीमा निर्धारण समिति:**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| १८ | | | **आर्थिक सहायताः**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.९,७४,३०५।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३२,३०,२३५।५७ को ३०.१६ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ। | |
| १९ | | | **अनुदानको अनुगमनः**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउ पूँजी तथा अनुदानमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च हुने गरेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| २० | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ। | |
| २१ | | | **खाना तथा विविध खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना, खाजा तथा विविध खर्तचर्फ मात्र रु.१२,९९,८९०।०० खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३२,३०,२३५।७७ को ४०.२४ प्रतिशत हुन आउँछ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। | |
| २२ | | | **गत वर्षको भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा | ७,९०१,९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.७९,०१,९८०।०० भुक्तानी गरेको छ । भुक्तानी गर्न नपुग भएको रकम सोही समयमा प्रमाणित गरी नराखेको साथै सम्बन्धित वर्षमा भुक्तानी गर्न रकम नपुग भएको आधार प्रमाण बेगर भुक्तानी गरेकोले अनियमित देखएको रु. | |

| सि.नं. | गो.भौ.नं./मिति | आर्थिक वर्ष | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | ८०-०७८।०८।०१ | २०७४ साउन देखि २०७६ कार्तिक सम्म | ४ जना पदाधिकारीको सेवा सुविधा | २१९८०००। |
| 2. | २०६-०७८।१०।२७ | २०७४ साउन देखि २०७६ कार्तिक सम्म | १ जना पदाधिकारीको सेवा सुविधा | १५४०००। |
| 3. | २४-०७८।०६।२० | २०७७ माघ देखि २०७८ आषाढ सम्म | ३१ जना पदाधिकारीको सेवा सुविधा | १७६७०००। |
| 4. | ६-०७८।०६।१८ | २०७८ सालको अपुग वैशाख महिनाको | गापा स्थायि कर्मचारीको तलब भत्ता भुक्तानि | १५११४७३। |
| 5. | ७-०७८।०६।१८ | २०७८ सालको अपुग जेठ महिनाको | गापा स्थायि कर्मचारीको तलब भत्ता भुक्तानि | १४०९१०२। |
| 6. | ८-०७८।०६।१८ | २०७८ सालको अपुग आषाढ महिनाको | गापा स्थायि कर्मचारीको तलब भत्ता भुक्तानि | ८६२४०५। |
| | | जम्मा | | ७९०१९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२२,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.३२,३०,२३५।५७ अर्थात अनुमान भन्दा १४६.८३ प्रतिशत बढी आय प्राप्त गरेको छ। आयको अनुमान यर्थाथपरक बनाई थप आय आर्जनका क्षेत्रहरु पहिचान गरी पालिकाको आय बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। | |
| २४ | | | **आन्तरिक आयः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।<br><br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>३३, ०७ , ३४ , ६९४।००</td><td>३२,३०,२३५.५७</td><td>०.९८</td></tr></table><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| २५ | | | **आन्तरिक आम्दानीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले जिन्सी किताबमा गत वर्षको बाँकी, यस वर्षको खरिद, खर्च र बाँकी नगदी रसिदको अभिलेख राख्नुपर्ने र जिन्सी कितावबाट खर्च लेखेको रसिद नियन्त्रण खातामा आम्दानी जनाई सम्बन्धित वडा कार्यालयमा आम्दानी रकम उठाउने कर्मचारी जिम्मामा देखिने गरी नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने र वर्षान्तमा कारोवार बन्द भएपश्चात खर्च गर्न बाँकी रसिद फिर्ता गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले यस वर्ष जम्मा रु.३२,३०,२३५.५ आन्तरिक आम्दानी गरेको छ। आर्थिक वर्षको शुरुवात सँगै १ बाट शुरुवात भएको नगदी रसिद प्रयोग गर्नुपर्नेमा पुरानो आर्थिक वर्षमा बाँकी रहेका रसिद प्रयोग गरेको देखियो। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको रकम पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको बाँकी नगदी रसिद के कति प्रयोग गरी बाँकि रहेको हो एकिन गर्न सकिएन। वितरित नगदी रसिद र प्राप्त आम्दानी सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी राजस्व एकिन गर्नुपर्दछ। नगदी रसिद लेखाङ्कन गरेको म.ले.प.फा.नं. १०५ र १०८ पेश नभएको र समयमा बैक दाखिला समेत नभएकाले आम्दानी भएको रकम यकिन नभएकोले तहाँ पालिकाले यकिन गर्नुपर्ने देखिन्छ। पालिका अन्तर्गत ८ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो। | |
| २६ | | | **आय ठेक्काः**<br><br>कर्णाली प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची-६ मा तोकीएको दरमा नघट्ने गरी शुल्क लगाई असुल गरिने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्रका नदीबाट ईआइए प्रतिवेदनका आधारमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा र ग्राभेल आदि) उत्खनन गरी आन्तरिक राजश्व संकलनका लागि ठेक्का बन्दोवस्त गरेको देखियो। पालिकाको लोहोरे खोला (डुङ्गेश्वर र चुप्राक्षेत्र) बाट ढुगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्न निर्माण व्यवसायी रितु कन्स्ट्रक्सन, विरेन्द्रनगर-६ सँग भ्याट सहित रु.७,२५,४६०।०० मा सम्झौता भए अनुसार २०७९ जेठ मसान्तभित्र सवै रकम बुझाउनुपर्नेमा सो अवधिभित्र रु.४,३९,०५०।०० मात्र दाखिला गरेको छ। असुल गर्न बाकी रु.२,८६,४१०।०० मा दश प्रतिशत जरिवाना सहित असूल गर्नेपर्ने रु. | ३१५,०५१ |
| २७ | | | **मुल्य अभिवृद्धि कर दाखिलाः** | ८३,४६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल उत्खनन, संकलन तथा विक्रि वितरणको रु.७ लाख २५ हजारमा संझौता गरेको छ। पालिकाले दहत्तर वहत्तर वापत रु.८३,४६०।०० मुल्य अभिवृद्धि कर प्राप्त गरेको छैन। प्राप्त गर्न बाँकी मुल्य अभिवृद्धि कर संघीय संचित कोष दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | |
| २८ | | | **पेश्कीबाँकीः**<br><br>निम्न निर्माण उपभोक्ता समितिलाई दिएको पेश्की रकम सम्झौता समाप्त भई आर्थिक वर्षको अन्त्यमा पनि फर्छ्यौट नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) अनुसार फर्छ्यौट गर्नुपर्ने देखिएको रु. | ८५६,४५५ |

| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम | फर्छ्यौटको अन्तिम म्याद |
|---|---|---|---|
| संस्थागत | | | |
| १३- २०७८/०८/०१ | श्री नेपाल राष्टिय माध्यामिक विधालय हनेटा | २२५६००. | ०९/०७/२०७८ |
| उपभोक्ता समिति | | | |
| ४८- २०७८/१०/१६ | तल्लो लाँकुरी खानेपानि तथा सरसफाइ योजना | २१०५९९. | ११/२२/२०७८ |
| ४९- २०७८/१०/१७ | जोगिदेउ खानेपानि तथा सरसफाई योजना | १०१२२८. | ११/२३/२०७८ |
| ६८- २०७८/१२/२१ | थापागाउँ खानेपानि तथा सरसफाई उपभोत्ता समिति | १५९४८७. | ०१/२६/२०७९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३९- २०७९/०३/०२</td><td>खाडा खानेपानि तथा सरसफाई योजना</td><td>१५९५४१.</td><td>०४/०५/२०७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३०८५५.</td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>८५६४५५.</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>तलबि प्रतिवेदनः<br><br>निजामती सेवा ऐन, २०४९ को दफा ६ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न कर्मचारीको तलब भत्तामा रु.१,७७,८२,९७९।०० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले तलब र ग्रेड रकम भिडान गर्न सकिएन। ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना पदपूर्ती भएको देखिन्छ। प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सहायक पचौ सहित ५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कर्मचारी करार</td><td>५,२३६,१६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न पदमा ४६ जना कर्मचारीहरु करारमा राखि रु.१,२५,४९,०६९।०० खर्च लेखेको छ। सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न पदमा १७ जना कर्मचारी करार नियुक्ति गरी यस बर्ष रु.५२,३६,१६६।०० भुक्तानी गरेको अनियमित रु. | |
| ३२ | | | **सामाजिक परिचालकः**<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४०(२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकककारुपमा नियुक्त नगर्ने, ०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ। स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले गाउँसभावाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको छ। पालिकाले यस वर्ष ६ जना सामाजिक परिचालकलाई मासिक रु.२२,०००।०० का दरले रु.१७,१६,०००।०० भुक्तानी गरेको छ। सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालक भुक्तानी भएको अनियमित देखिएको रु. | १,७१६,००० |
| ३३ | | | **वित्तीय समानीकरणबाट शिक्षकको तलब भत्ताः**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट गत वर्षको रु.२६,१३,८४०।० र यस वर्ष रु.८३,०१,५६०।०० समेत जम्मा रु.१,०९,१५,४००।०० तलब भत्ता भुक्तानी गरेकोले अनियमित भएको रु. | १०,९१५,४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>भ्रमण खर्च:<br><br>भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>फिल्ड तथा मंहगि भत्ताः<br><br>अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महगि भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा पेश गरेको छ। साथै करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ। पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी भत्ता, फिल्ड भत्ता र स्थानीय भत्ता दिने सम्बन्धमा कुनै कानुनी व्यवस्था नभएकोले असुल गरी दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><td>१</td><td>अ.स.ई.</td><td>लोमन मल्ल</td><td>७२०००</td></tr>
<tr><td>२</td><td>अ.स.ई.</td><td>चित्र बहादुर मल्ल</td><td>७२०००</td></tr>
<tr><td>३</td><td>अ.स.ई.</td><td>देवि न्यौपाने</td><td>७२०००</td></tr>
</table></td><td>२१६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>जम्मा</td><td>२१६०००</td></tr></table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>योजना जाचपास भत्ताः<br><br>कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। पालिकाले पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता दिने कानूनी आधार वेगर निम्न कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी गरेको रु.३,१७,४७५।०० असूल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><td>सि. नं .</td><td>नाम/ थर</td><td>अनुगमन भत्ता</td><td>कट्टि रकम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>सुन्दर कुमार के सी</td><td>२१०००</td><td>३१५०</td><td>१७८५०</td></tr>
<tr><td>२</td><td>कलावती न्यौपाने</td><td>२१०००</td><td>३१५०</td><td>१७८५०</td></tr>
<tr><td>३</td><td>नगेन्द्र बहादुर मल्ल</td><td>३१५००</td><td>४७२५</td><td>२६७७५</td></tr>
<tr><td>४</td><td>सीता ज्ञवाली</td><td>३१५००</td><td>४७२५</td><td>२६७७५</td></tr>
<tr><td>५</td><td>प्रेम बहादुर डि सी</td><td>३६०००</td><td>५४००</td><td>३०६००</td></tr>
<tr><td>६</td><td>टंक बहादुर कार्की</td><td>५२५००</td><td>७८७५</td><td>४४६२५</td></tr>
<tr><td>७</td><td>देवेन्द्र खड्का</td><td>७५००</td><td>११२५</td><td>६३७५</td></tr>
</table></td><td>३१७,४७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>रण बहादुर के सी</td><td>४५०००</td><td>६७५०</td><td>३८२५०</td></tr>
<tr><td>९</td><td>विभुषण कुमार खड्का</td><td>३००००</td><td>४५००</td><td>२५५००</td></tr>
<tr><td>१०</td><td>विष्णु प्रसाद शर्मा</td><td>३७५००</td><td>५६२५</td><td>३१८७५</td></tr>
<tr><td>११</td><td>विजय बुढाथोकी</td><td>३७५००</td><td>५६२५</td><td>३१८७५</td></tr>
<tr><td>१२</td><td>कमल राज विष्ट</td><td>२२५००</td><td>३३७५</td><td>१९१२५</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td></td><td>३१७४७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
अग्रिम करकट्टीः<br><br>
आयकर ऐन, २०५८ को दफा ८७ अनुसार भुक्तानीमा आयकर कट्टा गरी कर दाखिला गर्नुपर्दछ। पालिकाले पारिश्रमिक कर लाग्ने पदाधिकारीहरुको पारश्रमिक कर कट्टा नगरी पालिकामा कार्यरत पदाधिकारीहरुको तलब भुक्तानी गरेको छ। आयकर ऐन बमोजिम देहायका पदाधिकारीहरुको पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु..
<table>
<tr><td>कर्मचारी नाम थर</td><td>फिल्ड भत्ता</td><td>कट्टि रकम</td><td>नपुग कर कट्टि रकम</td></tr>
<tr><td>विभुषण कुमार खड्का</td><td>१२००००</td><td>१२००</td><td>१६८००</td></tr>
<tr><td>गगन बहादुर थापा</td><td>९६०००</td><td>९६०</td><td>१३४४०</td></tr>
<tr><td>खगेन्द्र के सि</td><td>७२०००</td><td>७२०</td><td>१००८०</td></tr>
<tr><td>जम्मा</td><td>५७२०००</td><td>५७२०</td><td>४०३२०</td></tr>
</table>
</td><td>४०,३२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | *(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९/१२/१७ को निर्णयबाट रु.३९,७६० /- सम्परीक्षण गरिएको ।)* | |
| ३८ | | | **वृत्त चित्र निर्माणः**<br><br>पालिका क्षेत्रको प्रर्वद्धन र विकास निर्माणका क्षेत्रहरु समेट्ने उद्देश्य जनाई वृत्त चित्र निर्माण गरेकोमा वृत्तचित्रमा कुन, कुन विषयवस्तु कति समयको रहनेगरी समेट्ने हो, सो अनुसार लागत अनुमान तयार गरेको छैन । वृत्तचित्रको कानूनी स्वामित्व पालिकाको रहने गरी सर्वाधिकार समेत पालिकाले लिएको देखिदैन । साथै वृत्तचित्रलाई पालिकाले आफ्नो वेभसाइटमा प्रकाशन नगरेकोले सो को औचित्य समेत पुष्टि हुने आधार नदेखिएकोले अनियमित भएको रु.<br><br><table><tr><td>गोश्वरा भौचर/मिति</td><td>निर्माण कर्ता</td><td>खर्च रकम</td></tr><tr><td>४०७०७९।०३।०५</td><td>टि.भि.टुडे नेटवर्क प्रा.ली.</td><td>४०००००।</td></tr><tr><td>४००-०७९/०३/०३</td><td>ज्वाला सन्देश प्रा.ली.</td><td>१४९७२५।</td></tr><tr><td></td><td>जम्मा</td><td>५४९७२५</td></tr></table> | ५४९,७२५ |
| ३९ | | | **सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणालीः**<br><br>नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णय अनुसार संघ/प्रदेश/स्थानीय तहका कार्यालयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ। कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गरेको छैन। अतः कार्यालयले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राख्नुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडा कार्यलयले खरिद गरेको जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च लेखेकोः<br><br>आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ। निम्न गोश्वारा भौचरबाट शिर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिती</th><th>विवरण</th><th>खर्च लेखेको शिर्षक</th><th>लेख्नु पर्ने शिर्षक</th><th>रकम</th></tr>
<tr><td>५६०-२०७९/३/२५</td><td>फिल्ड भत्ता</td><td>ऐन, नियम कार्यविधि कर्मचारी अनुशिक्षण</td><td>फिल्ड भत्ता</td><td>३००००|</td></tr>
<tr><td>५५४- २०७९/०३/२४</td><td>जोखिम भत्ता भुक्तानी</td><td>ऐन, नियम कार्यविधि कर्मचारी अनुशिक्षण</td><td>जोखिम भत्ता भुक्तानी</td><td>६००००|</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९००००|</td></tr>
</table></td><td>९०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
बिल भरपाइः<br>
:<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई ,प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। देहायका निर्माण व्यवसायी/आपूर्तिकर्तालाइ बेरित बिलको आधारमा भुक्तानी गरेको देखिएकोले मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.नं./मिति</th><th>निर्माण व्यावसायी /आपूर्तिकर्ता</th><th>बिल मिति</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">७६-०७८|०८|०१</td><td rowspan="2">पाल्पा भैरब मल्टी सप्लायर्स</td><td>२०७८|६|६</td><td>२८४६४७</td><td>३२७४७</td><td>बिल नं.केरमेट</td></tr>
<tr><td>२०७८|६|६</td><td>२१४९८२|५०</td><td>२४७३५.५</td><td>बिल नं. हातले लेखेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५७४८२.५</td><td></td></tr>
</table>
</td><td>५७,४८२.५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>एकल पुरुष भत्ताः<br><br>पालिकाकोअसहाय एकल पुरुषलाई सामाजिक सूरक्षा वापत भत्ता वितरण कार्यविधि, २०७७ मा ५५ वर्ष माथिका असहाय एकल पुरुषलाई सामाजिक सूरक्षा भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ। पालिकाले ५५ वर्ष भन्दा माथिका सवैलाई एकल पुरुष भत्ता वितरण गरेको देखिन्छ। पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा यस्तो किसिमको वितरणमुखी कार्य दीर्घकालीन रुपमा पालिकाको लागी प्रतिफलयुक्त हुने देखिदैन। आन्तरिक आम्दानी न्यून रहेको तथा थप आम्दानी समेत सिर्जना नहुने कार्यमा एकल पुरुष भत्ता वापत रु.२,६८,५००।०० खर्च गरेकोले आर्थिक भार सिर्जना भएको छ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>ग्रामिण विद्युतिकरणः<br><br>नेपाल विद्युत प्राधिकरणले जडान गरेका मिटर घरदैलोमा गई रिडिङ्ग गरेको आधारमा शुल्क उठाउदै आएकोमा पालिकाको २ वटा वडामा विद्युत रिडिङ्गका लागि पालिकाबाट २ जना कर्मचारी खटाई रु.३,५१,०००।०० खर्च गरेको देखिन्छ। पालिकाले विद्युतिकरणका लागि प्राधिकरणसँग गरेको संझौता अनुसार उक्त कर्मचारी परिचालन गरेको जनाएको छ। पालिकले प्राधिकरणसँग गरेको संझौता लेखापरीक्षणमा पेश भएन। प्राधिकरणबाट परिचालन गर्नुपर्ने कर्मचारीको खर्च पालिकाले भुक्तानी गरेको नियमसम्त देखिदैन। यस्ता संम्झौतामा परिमार्जन गरी पालिकाले व्ययभार घटाउनेतर्फ पालिकाले पहल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>पारिश्रमिक करः<br><br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार आयकर कट्टा गरी कर दाखिला गर्नुपर्दछ। पालिकाले पारिश्रमिक कर लाग्ने पदाधिकारीहरुको पारश्रमिक कर कट्टा नगरी पालिकामा कार्यरत पदाधिकारीहरुको तलब भुक्तानी गरेको छ। आयकर ऐन बमोजिम देहायका पदाधिकारीहरुको पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>पदाधिकारीको नाम र थर</th><th>कुल वार्षिक आय</th><th>छुट वार्षिक रकम</th><th>करयोग्य आय</th><th>पारिश्रमिक कर रकम</th></tr></table></td><td>३३२,७००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नगेन्द्र बहादुर मल्ल</td><td>११०४०००</td><td>४५००००</td><td>६५४०००</td><td>१५६२००</td></tr>
<tr><td>खगेन्द्र बहादुर मल्ल</td><td>७९५०००</td><td>४५००००</td><td>३४५०००</td><td>६३५००</td></tr>
<tr><td>टेक बहादुर भण्डारी</td><td>९६००००</td><td>४५००००</td><td>५१००००</td><td>११३०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३३२७००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा:<br><br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने विगत वर्षको छुट तथा नपुग र यस वर्षको गरी रु.७४,८८,५००।०० सुविधा वापत भुक्तानी भएको छ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना:<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८,५८,२४,३७४।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **धरौटी कट्टा नभएको**<br><br>✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.४,८७,७२९।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ४९ | | | **वढी भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा १२३ वमोजिम खरिद सम्झौता तथा प्राविधिक नापजाँचको आधारमा जिल्ला दररेट अनुसार भुक्तानी गर्नुपर्दछ। निम्नानुसारको योजनाको भुक्तानी गर्दा निम्न कार्यहरुको भुक्तानी जिल्ला दररेट भन्दा वढी दरमा भुक्तानी भएकोले उक्त रकम असूल गर्नुपर्ने रु. | १२४,६६७ |

| भौ नं | योजनाको नाम | कामको विवरण | कामको परिमाण | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | वढी भुक्तानीदर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २६ | सडक सरसफाई वडा २ कोटेशन मार्फत | Soft soil | ४१४९ | ६३.६१ | ७८.७ | १५ | ६२६०८ |
| | | Hard soil | ४५६ | ८९.८२ | ९४.६ | ५ | २१८० |
| २४ | सडक सरसफाई वडा ४ उ स | Soft soil | २४३२ | ५९.९६ | ७३.५५ | १४ | ३३०५१ |
| | | Hard soil | ५०४ | ८३.५९ | ८८.३४ | ५ | २३९४ |
| १२ | वडा ६ को नाला निर्माण | Formwork | ८१.८ | ३९८ | ६९६.७ | २९९ | २४४३४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१२४६६७</td></tr></table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>रितपूर्बकको कर बिजकः<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिकाले रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मुल्य अभिवृद्धि कर रु. ३०,६८०।०० समेत रु. २,६६,६८१।०० समाना तथा निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>४२</td><td>ग्रामिण विकास सेवा केन्द्र</td><td>३०१७३७४६३</td><td>विजक नं ११ हातले लेखेको</td><td>२६६६८१</td><td>३०६८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२६६६८१</td><td>३०६८०</td></tr>
</table><br>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.२५,५५२।- सम्परीक्षण गरिएको ।)</td><td>३०,६८०</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>नन्फाइलरः<br><br>:</td><td>३२१,८२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मूल्य अभिवृद्धि कर रु.३,२१,८२२।०० समेत रु.२८,०६,०७२।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | |

| गो.भौ.नं. | योजनाको नाम | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
| --- | --- | --- | --- | --- | --- | --- |
| ८९ | गोठपाडा सडक | रितु कन्स्ट्रक्सन | ६०९४८१९१४ | १८९२३६ | २१७७० | २०७८।M।८ |
| ८८ | घोडवास ज्यामी | रितु कन्स्ट्रक्सन | | १११७२३ | १२८५३ | |
| १०६ | थुर्पु सडक | रितु कन्स्ट्रक्सन | | ३६६७२० | ४११८९ | |
| | | रितु कन्ट्रक्सन | | १४१६६२८ | १६२९७५ | |
| | | आरसव निर्माण सेवा | ६१४३५६६६१ | ७२१७६५ | ८३०३५ | ०७८।M।१२ |
| | | जम्मा | | २८०६०७२ | ३२१८२२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>पाइप खरिदः<br><br>✂ ……….. (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.४,४६,५१९।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>कार्य सम्पन्न नभई भुक्तानीः<br><br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को ८.२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५०, २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ। तर मन्त्रालयले कोभिड १९ लगायत विविद्य कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगति अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च. नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ। उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको छ। उक्त अनुदान रकमको तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>भौ नं</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>वजेट</th><th>विल पेश भइ भुक्तानी भएको</th><th>थप निकासा रकम</th></tr>
<tr><td></td><td>नेपाल राष्ट्र्य प्रा विद्यालय बेलपाट</td><td>२ कोठे भवन</td><td>१८०००००</td><td>५६८४२१</td><td>१२३१५७९</td></tr>
</table></td><td>१,२३१,५७९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१२३१५७९</td></tr>
</table>
<br>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.१५,७०,०४२।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>रक्चना खानेपानी सप्लाईः<br><br>पालिकाले रक्चना खानेपानी सप्लाई निर्माण गर्न उँम वालाजी मल्टिपर्पोज कम्पनीसँग रु. ८९,८९,६२०।०० (मुअ कर तथा पि एस वाहेक) मिति २०७८।११।२३ मा सम्झौता गरि २०७९।२।२० सम्म कार्य सम्पन्न गर्ने गरि कार्यादेश दिएकोमा हाल उक्त कार्यको म्याद थप नभई योजना अलपत्र परेको देखिन्छ। प्रथम तथा दोस्रो रनिङ्ग विल वापत हालसम्म रु.५७,२९,७७७।०० भुक्तानी भएको छ। स्रोत सुनिश्चित गरि निर्माण कार्यको कानून वमोजिम योजना तथा वैंक जमानतको म्याद थप गरि कार्य अगाडी वढाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>डीपीआर खर्चः<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।<br><br>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">सडक डि पी आर</td><td rowspan="2">जनता ईन्जिनयरिङ्ग कन्सलेन्ट कन्ट्रक्सन</td><td rowspan="2">९०००००</td><td>1.जडि कल्सेढुगाँ बाले सडक निर्माण</td></tr>
<tr><td>2.चुप्रा बलेना बेलपाटा हुदै वडा न 2 सम्म</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>IEE</td><td>रेफिनेन्ट विल्डर</td><td>३००००००</td><td></td></tr><tr><td>जम्मा</td><td></td><td>१२०००००</td><td></td></tr></table>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। | |
| ५६ | | | **संघिय विशेषः**<br><br>अनुदानमा प्राप्त योजना संचालन गरि वचत रहेको वजेट संघिय संचित कोषमा फिर्ता गर्नुपर्दछ।पालिकाले रक्चना खानेपानी निर्माण योजनाको वजेटवाट ठेक्का हुदा बचत भएको रकमवाट कोटेशन गरि पाइक कन्स्ट्रक्सन प्रा.ली. लाई रु.४,०८,१३९।०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | ४०८,१३९ |
| ५७ | | | **कार्य सम्पन्न प्रतिवेदनः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ। यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन। | |
| ५८ | | | **सार्वजनिक परीक्षणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ। सामाजिक परीक्षण गराएको भए कति पटक गराएको र यसमा भएको खर्च समेत उल्लेख गर्ने। | |
| ५९ | | | **खरिद अभिलेखः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा हरेक खरिद कारबाहीको लागि छुट्टा छुट्टै फाइल खडा गरी लागत अनुमान, पूर्व योग्यता निर्धारण, बोलपत्र सम्बन्धी कृयाकलाप लगायत खरिद संझौता देखि सम्पन्न प्रगति प्रतिवेदन समेत वनाई फाइल पञ्जिका समेत तयार गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले सवै खरिदको फाइल तयार नगर्ने गरेको, तयार गरेको फाइलमा सम्बन्धित सवै कागजात नराखि पञ्जिका समेत तयार नगर्ने गरेको देखिएको छ। यसबाट खरिद सम्बन्धी पूर्ण विवरण उपलब्ध नहुने, प्रमाण कागजात एकिकृत नहुने लगायतका कारणबाट खरिद कार्य प्रभावकारी देखिएन । नियमको उक्त व्यवस्था अनुसार खरिद अभिलेख/फाईल व्यवस्थापन गर्नुपर्दछ। | |
| ६० | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन। कन्टेन्जेन्सी योजनागत खाता राखि खर्च अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| ६१ | | | **गुणस्तर परीक्षणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। नियमानुसार गुणस्तर परीक्षणमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ।
<table>
<tr><td></td><td colspan="2"></td><td colspan="2"></td><td colspan="2"></td><td colspan="2">(रु.हजारमा)</td></tr>
<tr><td rowspan="2">कुल निर्माण खर्च</td><td colspan="2">सोझै खरिद</td><td colspan="2">सिलबन्दी दरभाउपत्र</td><td colspan="2">बोलपत्र</td><td colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</td></tr>
<tr><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>३६५३२</td><td>५</td><td>२०००</td><td>२</td><td>२०००</td><td>४</td><td>३२५३२</td><td>११</td><td>३६५३२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>लागत सहभागिताः<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद/श्रम लगायत लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिई सोको सुनिश्चितता हुने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>

**सव कन्ट्याक्टर वाट कार्य गराएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क)अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सूचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी ऐन र नियमावली अनुसार गराउनु पर्ने उल्लेख छ। पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मेसिनवाट गर्ने गरी तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायीवाट गराई कर विजक पेश गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्दछ । नियमावली विपरित भएको कार्य नियम सम्मत नदेखिएको रु.

<table>
<tr><th>भौ नं</th><th>निर्माण योजना</th><th>लागत अनुमान</th><th>निर्माण व्यवसायी</th><th>निर्माण व्यवसायीले पेश गरेको विजक रकम</th><th>भुक्तानी</th></tr>
<tr><td>२१</td><td>वाटो मर्मत वडा नं ३</td><td>५५२४५६</td><td>शाही निर्माण सेवा</td><td>५४५५६५</td><td>४६९०७५</td></tr>
<tr><td>३५</td><td>जोगिदेउ विउरिखेत सडक</td><td>४५५५१८</td><td>के सी एण्ड नविन सेवा</td><td>४२८३१५</td><td>३४४५४०</td></tr>
<tr><td>७४</td><td>पाडेखाली डाडागाउँ घोरेखोला सडक</td><td>३१०७५६</td><td>आशिस कन्स्ट्रक्सन</td><td>२९७५२५</td><td>२२४९९४</td></tr>
<tr><td>९४ र २२२</td><td>रातामाटा बसाहा कल्सेढुंगा सडक</td><td></td><td>वि एण्ड पि निर्माण सेवा</td><td>१३२६१०२</td><td>११२६७१६</td></tr>
</table>

</td><td>३,१३०,११६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३२</td><td>औल मटेला सडक उ स</td><td>१०९०२१४</td><td>साझा कन्स्ट्रक्सन</td><td>१०९०२१४</td><td>९६४७९१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३१३०११६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
उपभोक्ताको काम निर्माण व्यवसायीबाटः<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिलाई दिएको काम निर्माण व्यवसायीबाट गरेको पाइएमा त्यस्ता उपभोक्ता समितिसँगको संम्झौता रद्द गरी त्यस्तो काम गर्ने निर्माण व्यवसायीलाई समेत कालोसूचीमा राखिने व्यवस्था छ । पालिकाले निम्न योजनाहरुमा निर्माण व्यवसायीको बिल संलग्न गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। नियमानुसार उपभोक्ता समिति र निर्माण व्यवसायी दुवैलाई कारबाही हुनुपर्नेमा कूनै स्पष्टीकरण बेगर भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु....
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>बिल रकम</th></tr>
<tr><td>जनकल्याण मा. वि. सेर्माको फिल्ड नि. उ. स.</td><td>८२९०००</td><td>आरसव निर्माण सेवा</td><td>७२१७४४</td></tr>
<tr><td>चुडिबाट कत्सेङ नि. उ. स.</td><td>१३१९६३७</td><td>रितु कन्ट्रक्सन</td><td>१४१६६३०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२१३८३७४</td></tr>
</table>
</td><td>२,१३८,३७४</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>वढी भुक्तानीः</td><td>१६,०३६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३१।०७८।९।४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच तथा लाभग्राही सामुदायसंग भएको सम्झौता वमोजिम भुक्तानी गर्नुपर्दछ। पालिकाले सिता माध्यमिक विद्यालयको ४ कोठे भवन निर्माणमा रु. १७,३७,८७५।०० मुल्यांकन गरी प्राविधिकले पेश गरेको सिफारिस अनुसार रु. १३,९८,०७९।०० भुक्तानी गर्नुपर्नेमा आ.व. २०७७।७८ मा रु. १२,६५,६१५।०० तथा २०७८।८९ मा रु.१,४८,५००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | |
| ६७ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। | |
| ६८ | | | **दिवा खाजाः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कका आधारमा कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.४१ लाख ४७ हजार निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरको तथा खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **पाठ्यपुस्तकः**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलो पटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले २०७९।०१।२२ मा अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशतले रु.१८,९७,००१।०० र २०७९।०३।२२ मा २५ प्रतिशतले हुने रु.११,१९,३६९।०० पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ। विद्याथीको वास्तविक संख्या यकिन नगरी तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी २५ प्रतिशत रकम निकासा गरेकोले उक्त रकम यकिन गर्न सकिएन । पालिकाले सम्बन्धित विद्यालयको विद्यार्थीलाई वितरण गरेको भरपाई परीक्षण गरी बढी निकासा भए नभएको यकिन गरी तँहा पालिकाबाट बढी निकासा भएको रकम असुल गर्नु पर्दछ। | |
| ७० | | | **छात्रवृत्तिः**<br><br>१२२।०७९।०१।२२ शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ४.२ मा कक्षा १-८ का गैर आवासीय छात्रा तथा दलित विद्यार्थीलाई रु.४००।०० छात्रवृत्ति उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले विभिन्न विद्यालयमा छात्रवृत्ति वितरणका लागि रु.८,७६,०००।०० निकासा गरेको छ। उक्त विद्यालयको छात्रवृत्ति वितरण गरेको भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकोले छात्रवृत्ति वितरण गरेको भरपाई रुजु गरी वढी निकासा भएको भए उक्त रकम संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ८७६,००० |
| ७१ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विद्यालयको तह</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>पदपूर्ति मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr>
<tr><td>उच्च माद्यमिक तह</td><td>८</td><td>८</td><td>८</td><td>२९०</td></tr>
<tr><td>माद्यमिक तह</td><td>२७</td><td>२७</td><td>५</td><td>७२०</td></tr>
<tr><td>निम्न माद्यमिक तह</td><td>२५</td><td>२५</td><td>२३</td><td>१२००</td></tr>
<tr><td>प्राथमिक तह</td><td>९०</td><td>९०</td><td>३१</td><td>१८१२</td></tr>
</table>
शिक्षा ऐन नियमावली बमोजिम विद्यार्थि शिक्षक अनुपात मिलाई दरबन्दी मिलान गर्नुपर्दछ । साथै दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
औषधी खरिदः<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा (१क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा वढी रकमको एउटै फर्म वा संस्थाबाट खरिद गर्न नपाईने उल्लेख छ। तर पालिकाले उत्पादकले तोकेको भन्दा वढी मुल्यमा मूल्यमा फरक फरक मितिमा फरक फर्मबाट रु. १८,३१,२०३।०० को औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः
<table>
<tr><th>गौ.भौ. नं./मिति</th><th>सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>५३।०७८।०९।२३</td><td>निहित फर्मास्युटिकल (६११५५६०७३)</td><td>४९८७३४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३९|०७९|०२|३०</td><td>निहित फर्मास्युटिकल</td><td>४००००००</td></tr>
<tr><td>१२५|०७९|०१|२२</td><td>ग्रिभान फर्मा (११६२५७८३९)</td><td>१६५८२०</td></tr>
<tr><td>२१०|०७९|०३|१९</td><td>हिमालयन मेडिशिन कन्सर्न</td><td>४९९५४०</td></tr>
<tr><td>२७०|०७९|०३|२४</td><td>हिमालयन मेडिशिन कन्सर्न</td><td>२०७६३०</td></tr>
<tr><td>२७२|०७९|०३|२४</td><td>हिमालयन मेडिशिन कन्सर्न</td><td>५९४७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८३१२०३</td></tr>
</table>
:
<ul>
<li>खरिद गरेका उक्त औषधी उत्पादन भएको कम्पनी यकिन नभएको र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने छाप लगाएको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,</li>
<li>औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li>
<li>औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७३ | | | **कार्य लक्ष्यः**<br><br>सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित गरी स्थानीय मानव संशाधनको विकास गरी सामाजिक पुँजीको विकास गर्न गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ जारी भएको छ। निर्देशिकाको बुँदा नं. ६(घ) तोकिएको मापदण्डका आधारमा अतिविपन्न परिवार छनौट लगायत विभिन्न १२ वटा कार्यहरु स्थानीय तहलाई तोकिएकोमा पालिकालाई प्राप्त रु.४ लाख ६४ हजारमध्ये रु.२ लाख १४ हजार सामाजिक परिचालकको तलब र प्रशासनिक खर्च गरी वचत रु.२ लाख ५४ हजार दुई कृषक समुहलाई बाख्रा खरिदका लागि प्रति बाख्रा रु.८ हजारका दरले अनुदान दिएको छ । सोही प्रकृतिको अनुदानमा गाँउपालिकाले समेत खर्च गर्दै आईरहेको सन्दर्भमा अनुदान रकमबाट तोकिएको कार्य लक्ष्य पुरा हुने अवस्था छैन। अनुदान प्रभावकारी नहुने कार्यक्रममा चालु खर्चको भार बढाउने कार्यक्रम संञ्चालनमा पुर्नविचार गर्नुपर्दछ। | |
| ७४ | | | **छोरी बचत खाताः**<br><br>सामाजिक विकास मन्त्रालयले २०७६/७७ देखि प्रत्येक जन्मिएको छोरीको नाममा पलिकाको सिफारिसमा तोकिएको वैकमा खाता खोली प्रतिमहिना पाँचसयका दरले नगद जम्मा गर्ने नीति कार्यान्वयन गरेको छ। पालिकाले यसवर्ष रु.१३,००,५००।०० छोरी बचत खातामा जम्मा गरी दिएको छ । यस आर्थिक वर्षमा मात्र कुल २०१ जनाको खाता सिफारिस गरेकोमा ४४ जनाको खातामा रकम जम्मा हुन सकेको छैन । प्रर्याप्त बजेट अभावका कारण रकम जम्मा हुन नसकेको पलिकाले जनाएको छ। दीर्घकालीन भारपर्ने नीति कार्यन्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने तर बजेट अपर्याप्त रहने देखिएबाट उक्त कार्यक्रमको उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ। | |
| ७५ | | | **पशु औषधी खरिदः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ अनुसार खरिद गर्नुअघि माग एकिन गर्नुपर्ने व्यवस्था गरेको छ। पलिकाले यसवर्ष २ वटा फर्मबाट रु.३,४५,७४४।०० को औषधी खरिद गरेकोमा नियम अनुसार परिमाण एकिन गरेको देखिएन। चौमासिक बजेट विनियोजन गरी पटके खरिद गरेको उक्त औषधी खरिदको दाखिला मुचुल्का नगरेको तथा जिन्सी दाखिला गरेपनि निकासा एकमुष्ट लिई उपचार रजिष्टरमा दर्ता भएको पशुहरुलाई वितरण गर्ने गरेकोमा वितरण रजिष्टर व्यवस्थित गरी औषधी आम्दानी खर्च स्पष्ट देखिने गरी औषधी वितरणको लगत खडा गरेको छैन ।औषधी खरिद तथा वितरण प्रणालीमा सुधार गर्नुपर्दछ। | |
| ७६ | | | **सामाजिक सुरक्षा भत्ताः**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम पालिकाले ६ करोड ७२ लाख ३५ हजार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |
| ७६.१ | | | **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन।<br><br>**सार्वजनिक सुनुवाई र अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ। पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै बनाउनुपर्दछ। साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।<br>**पारदर्शिता कामय गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा-३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>दोहोरो निकासाः पालिकाले सामाजिक सुरक्षा अन्तर्गत बालबालिका पोषण भत्ता वडा सचिवलाई पेश्की दिई वितरण भरपाईमा एउटै नामको बालबालिकालाई दुईपटक भत्ता वितरण गरेको देखिएकोले भत्ता वितरण गर्ने वडा सचिवबाट उक्त रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>वडा नं</th><th>बालबालिकाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३</td><td>चादनी खत्री, खगेन्द्र अधिकारी, अस्मिता लामिछाने मगर गरी ३ जनाको १५९६ को दरले जम्मा रु</td><td>४७८८</td></tr>
<tr><td>२</td><td>सदिक्षा विक, रुसिता हिरोजक (२०७५०११४०४००१/४४२३) २ जनाको रु १५९६ को दरले जम्मा रु</td><td>३१९२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७९८०</td></tr>
</table>
</td><td>७,९८०</td></tr>
<tr><td>७६.३</td><td></td><td></td><td>नविकरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४(५) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ३ बमोजिमको ढाचाँमा राख्नुपर्ने व्यवस्था छ। साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो ढाँचामा अभिलेख राखेको देखिएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७६.४ | | | **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची-३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। पालिकाले अनुसुची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन। | |
| ७६.५ | | | **सामाजिक सुरक्षा भत्ताः**<br><br>✂ ……….. ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.३,१७,८५९।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ७७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेपनि सूचिमा समावेशलाई प्रथमिकतामा राखेको छैन। अत्याधिक संख्यामा योजना छनौट भएको, अधिकाँश योजना पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २५६ जनालाई रोजगारी उपलव्ध गराई रु.१,४५,४३,०००।०० खर्च गरेको छ। लक्षित वर्गलाई न्युनतम १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन। | |
| ७८ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ७ वटा योजना सञ्चालनमा रु. १ करोड ७५ लाख ९६ हजार खर्च हुनुको साथै ३६६ जनाले रोजगारी प्राप्त गरेका छन। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः</td><td></td></tr>
<tr><td>७८.१</td><td></td><td></td><td>कार्यक्रमको क्षेत्रः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा-३ बमोजिमको क्षेत्रमा आयोजना सञ्चालन गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालन गरेको ७ वटा योजनामध्ये १ वटा आयोजना कार्यविधिमा तोकिएको क्षेत्र भन्दा बाहिरको क्षेत्रमा सञ्चालन गरेको छ । वडा नं. ३ हर्नेटामा पुलियाघाट प्रतिक्षालय निर्माणको लागि रु. १४,३४,१६५।२० खर्च गरेको छ । रोजगार कार्यविधिमा प्रतिक्षालय निर्माण गर्न पाउने व्यवस्था गरेको छैन । कार्यविधिको क्षेत्रधिकार भन्दा बाहिर गई प्रतिक्षालय निर्माण गरेको नियमसम्मत नदेखिएको रु.</td><td>१,४३४,१६५.२</td></tr>
<tr><td>७८.२</td><td></td><td></td><td>सार्वजनिक लेखापरीक्षणः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सूचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७८.३</td><td></td><td></td><td>बहालकरः आयकरऐन, २०५८ बमोजिम बहाल रकम भुक्तानी गर्दा १० प्रतिशतले हुने बाहल कर कट्टा गर्नुपर्नेमा निम्न आयोजनाको ढुवानी भाडा रु. २,२८,०००।०० को १० प्रतिशतका दरले कट्टा नगरेकोले १० प्रतिशत बहाल कर रु.२८,०००।००असूल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>भुक्तानी पाउने</th><th>कार्य विवरण</th><th>भुक्तानी रकम</th><th>बहाल कर</th></tr>
<tr><td>१५- ०७९।३।२२</td><td>नगेन्द्र बहादुर थापा</td><td>जोगिधारा खानेपानी आयोजना</td><td>१४८०००</td><td>१४८००</td></tr>
<tr><td>१७- ०७९।३।२२</td><td></td><td>लटालि खानेपानी आयोजना</td><td>८००००</td><td>८०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२२८०००</td><td>२२८००</td></tr>
</table></td><td>२२,८००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ७८.४ | | | **जिन्सी सामाग्री :** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ। पालिका अन्तर्गत सञ्चालित कुनै पनि आयोजनामा प्रयोग भएका जिन्सी सामाग्री पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ। | |
| ७८.५ | | | **आयोजनाको अनुगमनः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको कार्यविधि अनुसार अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ। | |
| ७९ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फस्यौंट नभएकोले निम्नानुसार कायम गरिएको छनः | |
| ७९.१ | | | सिता मा.वि अवलपराजुललाई आ.ब. २०७७।७८ को भुक्तानी दिदा योजनाको म्याद थप र २२१ नं. प्रमाणित नगरी भुक्तानी दिइएको हुदाँ अनियमित भएको रु. | १४८,५०० |
| ७९.२ | | | लालिगुराँस महिला विकास भवन तथा शौचालय मर्मत योजनाको ढुवानी गर्दा रु. ९००।०० कम कर कट्टी गरेकोले असूल गर्नुपर्ने रु. | ९०० |
| ७९.३ | | | गाउँपालिका देखि पिपलचौतारा मा.वि. सम्म जोड्ने योजनाको ढुवानीमा कम कर कट्टि भएकोले असुल गर्नुपर्ने रु. | २,१०० |
| ७९.४ | | | रावतटोल खानेपानि निर्माण योजना वडा नं.४ को रु. ५३४।०० को बिल अपुग भएकोले असुल गर्नुपर्ने रु. | ५३४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९.५</td><td></td><td></td><td>वडा नं. ४ को पिटौरीमा भएको खर्च भुक्तानी गर्दा प्राविधिक ईस्टिमेट र बिल समावेश नभएकोले समावेश गर्नुपर्ने रु.</td><td>६०,०००</td></tr>
<tr><td>७९.६</td><td></td><td></td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायअनुसारको मालसामान दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२४६- ०७९।०३।२२</td><td>नेपाल माद्यमिक विद्यालय हर्नेटाले खरिद गरेको मालसामान</td><td>६४५४०५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६४५४०५</td></tr>
</table>
✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.७१,०९५।- सम्परीक्षण गरिएको ।)</td><td>६४५,४०५</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><td></td><td></td><td>हजारमा</td></tr>
<tr><td>गत वर्षसम्मको बेरुजू<br>(A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</td><td>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ११८८१७ | ० | ११८८१७ | |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता निकासा गरिएको तर मृत्यु भएका ३२ जना लाभग्राहीको विवरण प्राप्त भएको छ । उक्त विवरण अनुसार फिर्ता हुनुपर्ने बाकी रु ७८६४९ संघीय संचितकोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | 78649.00 |